# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८०
१ नं. प्रदेश नेपाल

च.नं.
मितिः २०७९/१०/१५


## सिद्धिचरण नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०७९

## सञ्चालन सम्बन्धी सूचना

चालु शैक्षिक सत्र २०७९ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु बीच आ–आफ्नो समूहमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०७९ अन्तर्गत सिद्धिचरण नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७९/१०/०८ को निर्णयानुसार मिति २०७९ फागुन ६ गतेदेखि फागुन ९ गतेसम्म श्री सगरमाथा जनता मावि ओखलढुङ्गा नजिकैको सि.न.पा.-१२ स्थित खेलमैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागि हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन सहित) को अनुसूची– १ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता आयोजक समक्ष मिति २०७९ फागुन ४ गते दिनको ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल :

**१.भलिबल** : छात्र तथा छात्रा दुवै तर्फ

**२.कबड्डी** : छात्र तथा छात्रा दुवै तर्फ

**३. एथ्लेटिक्स् :**

**क) दौड (ट्र्याक) तर्फ** :

**छात्र**: १०० मि., २०० मि, ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४X १०० मि.रिले, ४X४०० मि.रिले

**छात्रा** : १०० मि., २०० मि, ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४X १०० मि.रिले, ४X ४०० मि.रिले

**ख) उफ्ने र फ्याक्ने (फिल्ड) तर्फ :**

**छात्र** : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड

**छात्रा** : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

**४. मार्सल आर्ट** तर्फ : (कराँते, तेक्वान्दो)

(क) कराँते ( प्रत्येक तौल समूहका १/१ जना)

छात्र : U '४२ के.जी. U '४७ के.जी., U '५२ के.जी.काता एकल

छात्रा : U'४० के.जी. U'४५ के.जी., U '५० के.जी.काता एकल

(ख) तेक्वान्दो : ( प्रत्येक तौल समूहका १/१ जना)

छात्र : U '४५ के.जी. U '४८ के.जी., U '५१ के.जी.

छात्रा : U '४२ के.जी. U '४४ के.जी., U '४६ के.जी.

५.ऐच्छिक खेलतर्फ : एकल व्याडमिन्टन प्रतियोगिता (प्रति विद्यालय १/१ जना छात्रा/छात्रा तर्फ सहभागि गराउन सक्ने तर प्रतियोगिताको लागि ऐच्छिक खेलको अंक गणना गरिने छैन)

क्रमशः.....

नि. प्रमुख प्रशासकिय अधिकृत

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८०　　　　　　　　　　　　　　　　१ नं. प्रदेश नेपाल

च.नं.　　　　　　　　　　　　　　　　　　　　　मितिः २०७९/१०/१५

नोट :

१) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागि गराउन सक्नेछन् । एथ्लेटिक्स् इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छन् ।

२) प्रत्येक विद्यालयले भलिबल र कबडी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन् ।

३) चालु शैक्षिक सत्र २०७९ मा नगर क्षेत्रभित्रका विद्यालयहरुमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् ।

४) प्रतियोगितामा सहभागि खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागि हुन पाउने छन् ।

५) अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागि गराइने छैन ।

६) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुको जन्म दर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०,(चौथो संशोधनसहित) अनुसार हुनेछ ।

..............................
नि. प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा, सिद्धिचरण नगरपालिका :
यो सूचना वेभ साइटमा अपलोड गर्नुहुन ।

# सिद्धिचरण नगरपालिका ओखलढुंगा,
# प्रदेश नं. १ ,नेपाल

अनुसूची - १

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र उपदफा (६), दफा १२ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम

फोटो

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम/ठेगाना :

(३) क) शै.स. २०७९ मा अध्ययनरत कक्षा : (ख) विद्यालयको इमिस कोड :

(ग) विद्यार्थीको इमिस कोड नं.:

(४) जन्म मिति :

(५) सहभागी हुने खेल :

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो । माथि उल्लेखित विवरण भएको विद्यार्थी खेलाडी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन सहित) को मापदण्ड विपरित र अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी नभएको व्यहोरा प्रमाणित गर्ने:

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल: | मोबाइल: | मोबाइल: | मोबाइल: |
| विद्यालयको छाप : | विद्यालयको छाप : | विद्यालयको छाप : | विद्यालयको छाप : |

नोट : विद्यार्थीको फोटोमा मुखाकृति नबिग्रने गरी सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ । खेलाडीको जन्म दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।